## EWER पाँचौ- त्रैमासिक प्रतिवेदन

# मार्च २०१६ देखि मे २०१६ (२०७२ फागुन १८ देखि २०७३ जेठ १८ सम्म) सम्मका सूचनाको आधारमा तयार पारिएको

## पृष्ठभूमि

देशमा नागरिकको अधिकारको अवस्था कस्तो छ, द्वन्द्व र यसका सम्भावना के कस्ता छन् र तिनलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने जानकारी हासिल गर्नलाई यो प्रतिवेदनले मद्दत गर्छ । पूर्वाञ्चल विकास क्षेत्र र तराई भू-भागका नागरिक समाजका प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा यो प्रतिवेदन तयार पारिएको हो । मार्च २०१६ देखि मे २०१६ सम्मका जानकारी यसमा समेटिएका छन् । सुशासन, सामाजिक सद्भाव /तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच र भूकम्पपछिको राहत/सहयोग वितरणसम्बन्धी चुनौती/द्वन्द्व जस्ता शीर्षकमा सूचना संकलन गरिएको थियो । यी विभिन्न शीर्षकमा प्राप्त जानकारीबारे यस प्रतिवेदनमा विश्लेषण तथा चर्चा गरिएको छ ।

## सारांश

- **यस अघिका प्रतिवेदनमा उल्लेख भएझैं राज्यले स्थानीय स्तरमा पुऱ्याउन खोजेको सेवा दुर्गम भेगमा कम प्रभावकारी भएको पाइएको छ । गाविस सचिव सदरमुकाममा केन्द्रित रहँदा दुर्गम भेगका नागरिकलाई सेवा लिन असहज भएको भेटियो ।**
- **मधेसमा स्थानीय निकायमा बजेटको दुरुपयोग हुने, कर्मचारीहरू कार्यालयमा अनुपस्थित हुने, कर्मचारीले अनावश्यक दबाब र धम्की सामना गर्नुपर्ने आदि कारणले गर्दा राज्यले उपलब्ध गराउनुपर्ने सेवाहरू प्रभावित रहेको पाइयो ॥**
- **पूर्वाञ्चल क्षेत्रमा बालबालिका माथि हुने हिंसा र दुर्व्यवहार तथा जातीय विभेद र लैङ्गिक हिंसाका घटनाहरु उल्लेख्य संख्यामा रहेको पाइयो ।**
- **मधेसमा जारी आन्दोलन केही मत्थर भएपछि अहिले जनजीवन निकै शान्त भएको पाइन्छ । विभिन्न जात र समुदायबीच सम्बन्ध झन् सुध्रिने लक्षणहरू पनि देखा परेका छन् जसलाई निकै आशावादी प्रवृत्ति मान्न सकिन्छ ।**
- **बेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगले उजुरी गर्न सूचित गरेपछि स्थानिय शान्ति समिति मार्फत उजुरी दर्ता भइरहेको छ । यी आयोगले निष्पक्ष भई काम गर्नुपर्ने धारणा पीडितहरूको रहेको पाइयो ।**

- **यस प्रतिवेदनले समेटेको अवधिमा पूर्वाञ्चल एवं मध्य र पूर्वी मधेसमा राजनीतिक तनाव या परिचालनका घटनाहरु भएको पाइएन । यद्यपि पछिल्ला राजनीतिक घटनाक्रमसँग असन्तुष्ट दलहरुले आन्दोलन गर्न सक्ने सम्भावना भने रहिरहेको पाइयो ।**
- **हावाहुरी र असिनापानीले असहज बनाइदिएको पूर्वाञ्चलका पहाडी जिल्लाका भूकम्प पीडितको दैनिक जीवन वर्षा यामसँगै भएको घना वृष्टि र पहिरोको जोखिम बढेपछि कठिन बनेको पाइयो । व्यक्तिगत घर पुनर्निमाणमा राज्यको सहयोग प्रक्रियामा देखिएको ढिलाइले पीडित चिन्तित भएको पाइयो ।**
- **यस अवधिमा पूर्वी र मध्य मधेस एवं पूर्वाञ्चल क्षेत्रमा स्रोत माथि द्वन्द्व भएका घटनाहरू नगण्य पाइयो ।**

## १. सुशासन

**यस अघिका प्रतिवेदनमा उल्लेख भएझैं राज्यले स्थानीय स्तरमा पुऱ्याउन खोजेको सेवा दुर्गम भेगमा कम प्रभावकारी भएको पाइएको छ । गाविस सचिव सदरमुकाममा केन्द्रित रहँदा दुर्गम भेगका नागरिकलाई सेवा लिन असहज भएको भेटियो ।**

राज्यले उपलब्ध गराउँदै आएको मासिक १ हजार रुपियाँ सामाजिक सुरक्षा भत्ता लिन संखुवासभा जिल्लाका किमाथाङ्काबासीलाई सात दिन हिँडेर सदरमुकाम खाँदबारी आउनुपर्ने बाध्यता छ । किमाथाङ्काका एक स्थानीय बासिन्दाका अनुसार गाउँ विकास समिति (गाविस) का सचिवले सामाजिक सुरक्षा भत्ता सदरमुकाममा नै बुझ्न नआए जिल्ला विकास समितिमा नै फिर्ता पठाइदिने भनेपछि उनीहरु चार महिनाको सुरक्षा भत्ता लिन सदरमुकाम खाँदबारी आएका थिए (मानव अधिकार संजाल तथा शान्ति कार्य समूह) ।

त्यस्तै, दुर्गम भेगका विद्यालयमा नियम विपरीत धेरै दिन बन्द गर्ने गरेको पाइयो भने औषधालय र स्वास्थ्य चौकीमा पनि कर्मचारी नबस्ने हुनाले औषधीको अभाव आदि समस्याले सेवा प्रभावित भएको पाइयो । नियमानुसार हिउँदे र बर्खे विदा गरी कुल ४५ दिन र स्थानीय विदा ५ दिन गर्न पाइने भए पनि दुर्गम भेगका भोटखोला, किमाथाङ्का, हटिया, चेपुवा र पावाखोला लगायतका गाविसका विद्यालयमा वार्षिक १ सय ३५ दिनसम्म विदा दिएर विद्यालय बन्द गरेको संखुवासभा जिल्ला शिक्षा कार्यालयले स्वीकारेको छ । त्यसै गरी इलामको दुर्गम एकतप्पा गाविसमा रहेको आयुर्वेदिक औषधालयमा दुई वर्षदेखि औषधि अभाव रहेको औषधालयले जनाएको छ । आर्थिक वर्ष २०७०/०७१ यता यहाँ कुनै पनि औषधि आएको छैन भन्ने जानकारी स्थानीय बासिन्दाले दिए । औषधि नभएका कारण औषधालयमा एक कविराज, एक वैद्य र एक कार्यालय सहयोगी कार्यालय आउनेजाने मात्रै गर्ने गरेको स्थानीयले बताए । कार्यालयका वैद्य धनराज ठाकुर भन्छन् "औषधि नै छैन । बिरामीलाई के दिनु र ? कार्यालय रूँघ्यो, दिन बितायो ।" सोही औषधालयका प्रमुख उपचार गराउन भनी काठमाडौं गएको तर कहिले फर्कने भन्ने पत्तो नभएको गुनासो स्थानीयहरूले गरेको पाइयो । त्यस्तै गरी ओखलढुङ्गा जिल्लाका दुर्गम गाउँ सेर्ना गाविस र दियाले गाविसका दुई ओटा सरकारी औषधालय ६ महिनादेखि स्वास्थ्यकर्मीविहीन बनेको पाइयो (मानव अधिकार संजाल तथा शान्ति कार्य समूह) ।

ताप्लेजुङ्ग जिल्लाको खोक्लिङ गाविस र आसपासका बच्चाहरू क्षयरोगबाट बचाउन जन्मिने बित्तिकै दिइने बीसीजी खोप लगाउन बञ्चित भएको पाइयो । चार महिनादेखि स्थानीय बच्चाहरूले बीसीजी खोप नपाएको कारणबारे खोक्लिङ स्वास्थ्य चौकीकी अनमीले भनिन् "जिल्ला स्वास्थ्य कार्यालयमा पटक पटक माग गरेका छौं । तर अझैसम्म उपलब्ध भएको छैन" ( मानव अधिकार संजाल तथा शान्ति कार्य समूह) ।

**मधेसमा स्थानीय निकायमा बजेटको दुरुपयोग हुने, कर्मचारीहरू कार्यालयमा अनुपस्थित हुने, कर्मचारीले अनावश्यक दबाब र धम्की सामना गर्नुपर्ने आदि कारणले गर्दा राज्यले उपलब्ध गराउनुपर्ने सेवाहरू प्रभावित रहेको पाइयो ।**

मधेसमा जिल्ला विकास समिति (जिविस), नगरपालिका र गाउँ विकास समिति (गाविस) मा व्यापक बजेटको दुरुपयोग हुनु, कर्मचारीहरु कार्यालय अवधिमा पनि कार्यालयमा अनुपस्थित रहने र सेवाग्राहीहरुले सहज रुपले सेवा नपाउने सामान्य जस्तै हुँदै गएको भेटियो । यस्तो अवस्था आउनमा सरकारी निकायका कर्मचारी, राजनीतिक दल र नागरिक सबैमा केही कमजोरी देखिन्छ । कर्मचारीहरुमा जनतामाथि शासन गर्ने मनोवृत्तिले काम गरेको भन्ने किसिमको धारणा बढ्दै गरेको देखियो भने गाउँमा बस्ने धेरै जसो नागरिकहरुलाई सरकारी कार्यालयबाट उपलब्ध हुने सेवा सुविधाहरुको बारेमा जानकारी नहुने र केहीलाई जानकारी भए पनि सेवा सुविधा लिने प्रक्रिया थाहा नभएको पाइयो । नेपाली भाषामा कमजोर भएका कारण पनि कतिपय स्थानीय स्तरमा उपलब्ध नागरिक सेवा प्रभावकारी हुन नसकेको पाइयो । सरकारी कर्मचारी र राजनीतिक दलका केही अगुवाहरु मिलेर बजेटलाई दुरुपयोग गर्ने गरेको प्रयाप्त घटनाहरु भेटियो । धनुषा जिविस र मातहतका गाविसमा करोडौं अनियमितता भएको विवरण यसअघि नै सार्वजनिक गरिएको थियो जसमा उपभोक्ता समितिको समेत मिलेमतो भएको भेटिएको थियो । सामाजिक सुरक्षा भत्तालाई गाविस सचिवले दुरुपयोग गरी व्यक्तिगत जग्गा खरिद गरेको घटना बाहिर आएको थियो । हालै ज्येष्ठ नागरिक, असहाय, अपांग, अशक्त र बालबालिकालाई वितरण गर्न जिविसबाट सामाजिक सुरक्षा भत्ताको २२ लाख रुपैयाँ रकम निकासा लिएर सप्तरीका एक गाविस सचिव र प्राविधिक सहायक फरार भएको पाइयो । २०७३ वैशाख १३ गते मानराजाका बासिन्दाले भत्ता नपाएपछि नारा जुलुस गर्दै जिविसमा यसबारे लिखित निवेदन दिएपछि मात्र सामाजिक सुरक्षा भत्ता रकम वितरण नगरेको खुलेको थियो । सप्तरी जिल्लामा यस्ता घटना अरू पनि भइरहेको पाइएको छ (नेपाल मधेस फाउण्डेसन) ।

बारामा पक्की पुलको निर्माण पूरा भइसकेको लामो समय भए पनि तिनको वरिपरिको सडक र तटबन्ध निर्माणको काम अलपत्र परेको भेटियो । २५ करोड लगानी भएका ६ पुल कामविहीन हुन पुगेको पाइयो । यी पुलहरु सञ्चालनमा आए ४ लाख भन्दा बढी सर्वसाधारण लाभान्वित हुने थिए । पुल बने पनि ठेकेदार र सरोकारवाला निकायको ढिलासुस्तीले गर्दा यसमाथि गाडी गुड्न नसकेको भगवानपुर गाविसका पूर्वअध्यक्षले बताए (नेपाल मधेस फाउण्डेसन) ।

मधेसमा कर्मचारीलाई धाकधम्की र अनावश्यक दबाबका कारण असजिलो पार्ने गरेको पाइयो । सर्लाहीमा आर्थिक वर्ष सकिन लाग्दा समेत विकास निर्माणका काम सहज रुपमा सुरु हुन नसकेको भेटिइएको थियो । कतिपय योजनाको लागत इस्टिमेटसमेत बनेको थिएन । कर्मचारीलाई धम्क्याएर नियमविपरीत काम गराउने प्रवृत्तिले नागरिकले पाउने सेवासुविधामा नकारात्मक प्रभाव परेको पाइयो । सर्लाहीका एक सांसदका अनुसार राजनीतिक दलको आवरणमा कर्मचारीमाथि आक्रमण र धम्की दिने काम भइरहेको छ । धम्की र दुर्व्यवहार खेप्न परेको बताउँदै जेठको पहिलो हप्ता सर्लाही जिविसका कर्मचारीले चार घण्टा कार्यालय बन्द गरेको थिए । बारामा एमाले नेता महमुद आलम हत्याका अभियुक्तलाई आर्थिक प्रलोभनमा कम सजाय तोकिएको आरोप लगाउँदै उनकी पत्नी तथा सांसद नेजमा खातुन र उनका समर्थकले गत बैशाख १६ मा इजलासमै न्यायधीशलाई गालीगलौज गर्ने, कुर्सी फाल्ने र तोडफोड गर्ने आदि क्रियाकलाप गरेका थिए । त्यो घटनाको एक दिनपछि बेनौली गाविसका सचिवलाई सरुवा गरेको भन्दै स्थानीय राजनीतिक दलका प्रतिनिधिहरुले स्थानीय विकास अधिकारीको कार्यकक्षमा पुगेर दुर्व्यवहार गरेको पाइयो (नेपाल मधेस फाउण्डेसन) ।

## २. सामाजिक सद्भाव/तनाव

**पूर्वाञ्चल क्षेत्रमा बालबालिका माथि हुने हिंसा र दुर्व्यवहार तथा जातीय विभेद र लैङ्गिक हिंसाका घटनाहरु उल्लेख्य संख्यामा रहेको पाइयो ।**

यस क्षेत्रमा कथित बोक्सीको आरोपमा कुटपिट तथा दुर्व्यवहार गरिएको र पीडित महिलाले न्याय नपाएको, महिला तथा बालिका माथिबलात्कार र बलात्कारका प्रयासकासाथै हिंसाजन्य घटनाहरु भएको पाइएको छ । यस्ता घटनाका कारण महिला

तथा बालिकाहरुले आफूलाई सुरक्षित महसुस गर्न नसकेको जनधारणा बढ्दै गएको देखिन्छ । केही घटना विवरण तल उल्लेख गरिएको छ ।

मोरङ होक्लाबारी गाविस २ की एक महिलाले आफूलाई कथित बोक्सीको आरोपमा कुटपिट तथा दुर्व्यवहार गरेका व्यक्तिलाई चैत २ गते जिल्ला अदालतले धरौटीमा रिहा गर्न आदेश दिएकाले आफूले न्याय नपाएको गुनासो गरेकी थिइन् । आरोपितहरू जनही २७ हजार रुपैयाँ धरौटी बुझाएर रिहा भएका थिए । गत फागुन ६ गते २७ वर्षीया ती महिलालाई उनका पति, ससुरा, नन्द र एक महिला धामी[१]ले बोक्सीको आरोपमा दुर्व्यवहार गर्नुका साथै मानव मलमूत्र खुवाउने प्रयास गरेका थिए । अदालतबाट आरोपितहरू छुटेपछि पीडितले आफूजस्ता कमजोर महिलालाई अदालतलेसमेत न्याय दिन नसकेको भन्दै गुनासो गरेकी हुन् (मानव अधिकार संजाल तथा शान्ति कार्य समूह) ।

इलाम जिल्ला माइमझुवा गाविसस्थित स्वास्थ्य व्यवस्थापन समितिमा कार्यरत २५ वर्षीया एक महिलाले आफूलाई यौन दुर्व्यवहार गरेको भन्दै गाविस स्वास्थ्य चौकी इन्चार्जविरुद्ध जेठ १२ गते जिल्ला प्रशासन कार्यालय इलाममा उजुरी दिएकी छन् । पीडित महिलाले जेठ ५ गते इन्चार्जले कार्यस्थलमै यौन दुर्व्यवहार गरेको भन्दै उजुरी दिएको बताएकी छन् । पूर्वाञ्चलमा यस अवधिमा सात वर्षीया बालिकादेखि ७९ वर्षीया वृद्धा समेत बलात्कारको शिकार भए । बालिका बलात्कारका यस्ता घटना मोरङमा १, सुनसरीमा ३ वटा भएको पाइयो भने तेह्रथुममा १ र संखुवासभामा १ महिला बलात्कृत भए (मानव अधिकार संजाल तथा शान्ति कार्य समूह) ।

मोरङ डाँगीहाट गाविस ९ की एक महिलालाई अपहरण गरी दुई दिनसम्म यातना दिएको घटना २०७२ चैत १ गते सार्वजनिक भएको छ । नेपाली काँग्रेसको तेह्रौं महाधिवेशनमा जाने भनेर हिंडेपछि बीचबाटोमै छाडेर धोका दिएको भन्दै धनकुटाको भेडेटार गाविस ४ स्थित एक होटेलकी सञ्चालिकाले युवकहरू परिचालन गरी अपहरण गर्दै बन्धक बनाएर यातना दिएको र अपहरण मुक्तिका लागि ५० हजार रुपैयाँ फिरौतीसमेत बुझाउनु परेको पीडितको गुनासो छ । कुटपिटबाट महिलाको शरीरभरि निलडाम छ । अनुहार, टाउको र नाडीमा गहिरो चोट लागेको प्रहरीको भनाइ छ । माथि उल्लिखित सबै घटनामा प्रहरीले आफ्नो कर्तव्य निर्वाह गरेको पाइयो (मानव अधिकार संजाल तथा शान्ति कार्य समूह) ।

**मधेसमा जारी आन्दोलन केही मत्थर भएपछि अहिले जनजीवन निकै शान्त भएको पाइन्छ । विभिन्न जात र समुदायबीच सम्बन्ध झन् सुध्रिने लक्षणहरू पनि देखा परेका छन् जसलाई निकै आशावादी प्रवृत्ति मान्न सकिन्छ ।**

सुनसरीको रामगञ्ज बेलगछिया १ र ३ मा करिब डेढ सय घरको एउटा पुरानो बस्ती छ । त्यहाँका घर, वातावरण र स्थानीय बासिन्दाको बोलीचाली हेर्दा लाग्छ चौधरी, राजवंशी वा मधेशका अरु कुनै जातको बसोबास भएको बस्ती हो यो । अधिकांशको भेषभुषा मधेसी छ र लवज पनि मधेसकै । घरहरुको बनावट तराईको मौलिक पाराकै छ । यस्तो अवस्थामा बस्तीका बासिन्दालाई देख्ने जोकोहीले पनि आदिवासी चौधरी वा राजवंशी भन्ने लाग्नु स्वाभाविकै हो । तर, बस्तीका बासिन्दा गुरुङ हुन् र त्यो टोलको नामै गुरुङ टोल हो । आफ्नो भाषा नेपाली बताउने उनीहरु मैथिलीमै कुराकानी गर्न सक्छन् । पाँच वर्ष यता मात्रै हो उनीहरूले ल्होसार पर्व मनाउन थालेको । दशैं तिहार मात्र होइन, छठ र सिरुवा पनि धूमधामसँग मनाउँछन् उनीहरु । थारु समुदायका स्थानीय एक पुरुष भन्छन्, “मिलेर बसेपछि जातिभन्दा दाजुभाइको सम्बन्धले जित्दोरहेछ । जात दोस्रो कुरा हुँदोरहेछ । पहिलो कुरा त मन मिल्नु पर्ने रहेछ । छिमेकीभन्दा नजिक अरु को पो हुन्छ र ?” (कान्तिपुर दैनिक र नेपाल मधेस फाउण्डेसन) ।

नेपालमा विगत केही वर्षदेखि सामाजिक ध्रुवीकरण बढिरहेको छ । खासगरी पहाडी र मधेसी बीचको सामाजिक सद्भावमा केही विचलन आएको देखिन्छ । यद्यपि सामाजिक सद्भाव बढाउन सुनसरीको बेलगछिया बस्ती प्रेरणदायी उदाहरण हुन सक्छ ।

---

[१] परम्परादेखि खासगरी नेपालका पहाडी गाउँघरमा तन्त्रमन्त्र विद्या र भूतप्रेत बोक्सी आदि भगाउने विद्याको अभ्यास गरी विरामीको उपचार गर्ने व्यक्ति ।

सामाजिक सद्भाव बढाउने काम अन्तर्जातीय विवाहले पनि गरिरहेको छ र यस्तो विवाह गर्ने प्रवृत्ति मधेसमा विस्तारै बढ्दै छ । उदयपुर त्रियुगा ११ जलजली बजारका एक मारवाडी युवाले नेवार समुदायकी स्थानीय एक युवतीसँग लगनगाँठो कसेका थिए । अहिले औषधी व्यावसायमा संलग्न यो सुखी दम्पतीकी छोरी नौ वर्षकी भइसकेकी छन् । विवाहपछि यी दुई बेग्लै समुदायका परिवारबीचको आत्मीयता बढेको बताइन्छ । यस्ता उदाहरण मधेसमा बढ्दै गइरहेको धारणा भेटिन थालेका छन् । मोरङ प्रशासनका अनुसार २०७० सालदेखि २०७३ सालको जेठ पहिलो हप्तासम्म दर्ता भएका कुल १ सय ३० विवाहमध्ये ३० अन्तरजातीय र ९३ अन्तर्देशीय विवाह हुन् । मधेसी र पहाडी समुदायका युवकयुवती बीच प्रेम विवाह निकै झाँङ्गिएको जिल्ला प्रशासनको अभिलेखले दर्शाउँछ । प्रशासन बाहेक गाविस र नगरपालिकामै बढीजसो विवाह दर्ता हुन्छन् । त्यसैले यो आँकडा अझै बढी हुन सक्छ (नेपाल मधेस फाउण्डेसन) ।

माथिका दुई उदाहरणले मधेसमा सामाजिक सद्भावका विषयमा चिन्ता मात्रै गरिरहनु पर्ने अवस्था नरहेको संकेत गर्छन् । यस्ता प्रयासलाई प्रोत्साहन गर्न सके भविष्यप्रति केही आशावादी हुन सकिन्छ ।

## ३. राजनीतिक तनाव/परिचालन

**यस प्रतिवेदनले समेटेको अवधिमा पूर्वाञ्चल एवं मध्य र पूर्वी मधेसमा राजनीतिक तनाव या परिचालनका घटनाहरु भएको पाइएन । यद्यपि पछिल्ला राजनीतिक घटनाक्रमसँग असन्तुष्ट दलहरुले आन्दोलन गर्न सक्ने सम्भावना भने रहिरहेको पाइयो ।**

यस अवधिमा पूर्वाञ्चल र मधेसमा राजनीतिक गतिविधि लगभग शून्य भएको पाइयो । विगतमा संविधानका केही मुद्दामा असहमत हुँदै आन्दोलनमा सक्रिय भएका दलहरूको आन्दोलन काठमाडौं केन्द्रित भएकाले पनि यी क्षेत्रमा हाल राजनीतिक गतिविधि उल्लेख्य नभएको हुन सक्छ । आन्दोलन नभएकाले स्थानीय व्यवसायीहरूले सन्तोष मानेको पाइयो । यद्यपि स्थिति पूरै सप्रिएको भने देखिँदैन । किनभने आन्दोलनरत दलका मागहरू सम्बोधन भइनसकेकाले पुनः मधेसमा आन्दोलन हुन सक्ने सम्भावना रहेको स्थानीयवासीहरूले नै बताएको भेटियो ।

मधेसी मोर्चा आबद्ध दलले आन्दोलन कायम रहेको भन्दै आएका छन् भने सरकारले संविधान संशोधनपछि आन्दोलनको माग पूरा भएको बताउँदै आएको छ । तर अहिलेसम्म न त राज्य पुनःसंरचनाको विषय टुंगो लगाउन निर्माण गर्ने भनिएको राजनीतिक समितिले पूर्णता पाएको छ, न विवादित विषयका रुपमा रहेको प्रदेशको संरचनाको टुंगो लागेको देखिन्छ । लामो समयदेखि चलेको आन्दोलनमा ५० भन्दा बढी व्यक्ति मारिनु तर आन्दोलनले उठाएका माग सम्बोधन नहुनुले मधेसमा एक प्रकारको आक्रोश रहेको पाइन्छ । यो आक्रोशलाई बेवास्ता गर्ने हो भने मधेसलाई छुट्टै देश बनाउनु पर्छ भनेर माग राख्नेहरूले समर्थक बढाउने अवसर पाउने अनुमान गर्न गाह्रो छैन । बुद्ध जयन्तीको अवसरमा जनकपुरमा राष्ट्रपति विद्यादेवी भण्डारी सहभागी भएकै कार्यक्रम स्थल नजिक मधेश स्वराजको नारा लाग्यो । नारा-प्रदर्शनलाई नियन्त्रण गर्न प्रहरीले कार्यक्रम स्थलबाटै मधेश स्वराजको नारा लगाउनेहरुमध्ये केहीलाई नियन्त्रणमा राखेको थियो (नेपाल मधेस फाउण्डेसन) ।

## ४. स्रोत-साधन माथिको द्वन्द्व

**यस अवधिमा पूर्वी र मध्य मधेस एवं पूर्वाञ्चल क्षेत्रमा स्रोत माथि द्वन्द्व भएका घटना नगण्य पाइयो ।**

पूर्वी र मध्य मधेस एवं पूर्वाञ्चल क्षेत्रमा यस अवधिमा स्रोत माथि द्वन्द्व भएका घटना भएको पाइएन । यद्यपि अपवाद स्वरुप पाँचथर जिल्लामा भने निर्माणाधीन एक जलविद्युत आयोजनामा केही समस्या भएको पाइयो । यहाँ अवस्थित हेवा खोला

जलविद्युत आयोजना 'बी' को निर्माण कार्य स्थानीयको अवरोधका कारण जेठ ६ गतेदेखि रोकिएको भेटियो । निर्माण कम्पनी माउण्टेन हाइड्रो प्रा.लि.ले स्थानीयसित गरेको सम्झौताअनुसार सहयोगको कार्यान्वयन नगरेको भन्दै आयोजना स्थलमा स्थानीयबासीले तालाबन्दी गरिदिएका थिए । आयोजनाले सुरुङ निर्माण गर्दा स्थानीय १ सय ९५ परिवारले प्रयोग गर्दै आएको पानी सुकेको भन्दै तत्काल खानेपानी आपूर्तिका लागि माग गरिएको सरोकार समितिका सचिव नरोत्तम थापाले जानकारी दिए । निर्माण कार्यमा स्थानीयले पटक-पटक अवरोध गरेकाले निर्धारित समयमा काम नसकिने आयोजना निर्माण पक्षले जनाएको बुझिन्छ (मानव अधिकार संजाल तथा शान्ति कार्य समूह) ।

## ५. सङ्क्रमणकालीन न्याय/न्यायमाथिको पहुँच

**बेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगले उजुरी गर्न सूचित गरेपछि स्थानीय शान्ति समितिमार्फत उजुरी दर्ता भइरहेको छ । यी आयोगले निष्पक्ष भई काम गर्नुपर्ने धारणा पीडितहरूको रहेको पाइयो ।**

द्वन्द्वकालीन मुद्दाहरुको समाधानका लागि गठित बेपत्ता पारिएको व्यक्तिहरुको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगले उजुरी गर्न सूचित गरेपछि पूर्वाञ्चलका जिल्लाहरूमा धमाधम उजुरीहरु दर्ता भइरहेको पाइयो । स्थानीय शान्ति समितिको कार्यालयले दिएको जानकारीअनुसार अहिलेसम्म तेह्रथुम जिल्लामा ५१ वटा (बेपत्ता व्यक्तिहरुको छानविनतर्फ ८ वटा र सत्य निरुपण तथा मेलमिलाप आयोगतर्फ ४३ वटा), इलाम जिल्लामा ८ जना बेपत्ता र १४ जना मृतकका परिवारले अहिलेसम्म पनि राहत नपाएको उजुरी सहित ६२ वटा, धनकुटामा बेपत्ता पारिएकाको छानविनका लागि ३ वटा सहित २९ र पाँचथर जिल्लामा जम्मा २० वटा उजुरी दर्ता भएको पाइएको छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले जेठ ४ गते इलाममा आयोजना गरेको पीडित तथा सरोकारवालासँगको अन्तर्क्रिया कार्यक्रममा पीडितहरूले घटनामा जोसुकै संलग्न भए पनि कानुनको कठघरामा उभ्याउन आग्रह गरेका थिए । कार्यक्रममा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका सदस्य एवं प्रवक्ता प्रा.डा. विष्णु पाठकले पीडितहरुलाई न्याय दिलाउने कुरामा केही नलागे आफू अनसन बसेर भएपनि पीडितका पक्षमा काम गर्ने प्रतिबद्धता जनाए (मानव अधिकार संजाल तथा शान्ति कार्य समूह) ।

पाँचथर जिल्लामा भने सशस्त्र द्वन्द्वका पीडितहरुले सुरक्षा निकायको अप्रत्यक्ष हस्तक्षेप र निगरानीका कारण सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग समक्ष उजुरी दिने प्रक्रिया प्रभावित भएको अधिकारकर्मीहरुको दाबी छ । सबै सुरक्षा निकायहरुले राज्य पक्षको विरुद्धमा के-कस्ता उजुरी आउँछन् भनेर निरन्तर सूचना संकलन गर्ने क्रममा उजुरी संकलन गर्ने निकायसम्म दबाव दिने, अप्रत्यक्ष हस्तक्षेप गर्ने तथा निरन्तर निगरानी गर्ने भएका कारण द्वन्द्वपीडितहरुले निर्धक्कसँग स्थानीय शान्ति समितिमा उजुरी दिन नसकेको अधिकारकर्मीहरुले बताएका छन् (मानव अधिकार संजाल तथा शान्ति कार्य समूह) ।

इन्सेकका पाँचथर प्रतिनिधिका अनुसार जिल्लामा २ सयभन्दा बढी द्वन्द्वपीडित भएपनि झण्डै २० ओटा मात्र उजुरी आयोग समक्ष आएको बताए । बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सदस्य एवं प्रवक्ता प्रा.डा. विष्णु पाठकले सरकारले पर्याप्त बजेट नदिएकाले उजुरी संकलनको सूचना प्रचारप्रसार गर्न नसकिएको स्वीकारेका थिए (मानव अधिकार संजाल तथा शान्ति कार्य समूह) ।

सशस्त्र द्वन्द्वमा परेका पीडितहरूको अवस्था निर्धारण गर्ने मापदण्ड न्यायोचित नभएको गुनासो भोजपुर सदरमुकाममा सत्य निरूपण तथा मेलमिलाप आयोगले चैत १४ गते आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले गरे । सत्य निरूपण आयोगको गठन सङ्क्रमणकालीन न्यायको एउटा प्रक्रिया भएकाले यसैको माध्यमबाट पीडकलाई कानुनी कारबाही र

पीडितलाई न्याय, पीडक र पीडितबीच मेलमिलाप र न्यायपूर्ण समाजको स्थापना गर्ने उद्देश्यले स्थापना भएको आयोगको काम कारबाही निष्पक्ष हुनुपर्ने धारणा सहभागीहरूको थियो (मानव अधिकार संजाल तथा शान्ति कार्य समूह) ।

## ६. भूकम्पपछिको राहत/सहयोग वितरणसम्बन्धी चुनौती/द्वन्द्व

**हावाहुरी र असिनापानीले असहज बनाइदिएको पूर्वाञ्चलका पहाडी जिल्लाका भूकम्प पीडितको दैनिक जीवन वर्षा यामसँगै भएको घना वृष्टि र पहिरोको जोखिम बढेपछि कठिन बनेको पाइयो । व्यक्तिगत घर पुनर्निमाणमा राज्यको सहयोग प्रक्रियामा देखिएको ढिलाइले पीडित चिन्तित भएको पाइयो ।**

फागुन, चैत र वैशाखमा भूकम्प पीडितलाई हावाहुरी र असिनापानीले दुःख दिएको थियो । वर्षायामसँगै अस्थायी बसोबासमा रहेका पीडितको जनजीवन असहज बनेको र पहिरोको जोखिममा भएका पीडितलाई झन् त्रास थपिएको पाइयो । भूकम्पले घर भत्काएपछि सरकारले अनुदान र सहुलियत दरमा ऋण दिन्छ र घर बनाउला भनेर आशामा बसेका पीडितहरुलाई यस प्रक्रियामा देखिएको ढिलाइले निराश बनाएको पाइन्छ । सरकारले उपलब्ध गराउने भनेको सहयोग अहिलेसम्म नपाउँदा घर बनाउन नसकेको धनकुटा न.पा. २ की संगीता लिम्बुले बताइन् । भूकम्प पीडितले राहतको नाममा गत वर्ष १५ हजार रुपैयाँ र रातो परिचय पत्र पाएका थिए । उक्त रकम भत्किएको संरचना हटाउन मजदुरलाई ज्याला दिँदै सकिएको र अझ नपुगेर थप रकम आफैले बेहोर्नु परेको पीडितहरू बताए । घर बनाउन नसक्ने पीडितहरुको बास अहिले पनि गोठ र अस्थायी छाप्रोमुनि रहेको पाइयो (मानव अधिकार संजाल तथा शान्ति कार्य समूह) ।

EWER पाँचौ-त्रैमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिका लागि साझा अभियान (कोक्याप)- नेपालमनिटर डट आर्गले नेपाल मधेस फाउडेशन (नेमाफ) र मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल) सँगको सहकार्यमा लेखिएको हो । नेमाफ का नन्दकुमार साह र प्याग-नेपालकी यसोदा सुब्बाको यस प्रतिवेदनमा लिखित सहयोग रहेको छ ।